# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः १०१-२०८१/८२

**तह मिलान/तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी संशोधित सूचना।।**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२७**
**संशोधित मितिः २०८२/०१/०२ गते)**

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राप्ती उपत्यका(देउखुरी),नेपालको मिति २०८१/१२/२७ गतेको सूचना अनुसार स्थानीय निजामति सेवा ऐन, २०८१ दफा-३१ बमोजिम तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तोकिएको सेवाअवधि पुरा भएका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेको उपयुक्त उम्मेदवारहरुले पाँचौं/छैठौं/सातौं/आठौं तहमा तह बृद्धि हुनका लागि स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ बमोजिम अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८२ बैशाख १० गते) भित्र तपशिलका कागजात सहित यस कार्यालयको प्रशासन शाखामा आवेदन पेस गर्नका लागि यो संशोधित सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

**(क) दफा ३१ को हकमा**

१. व्यक्तिगत निवेदन।

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३. हालको पदमा नियुक्ति/समायोजन/वढुवा पत्रको प्रतिलिपी।

४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी।

५. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको कार्यालयको विवरण ।

६. हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून वमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा।

७. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

८. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिसपत्र।

२०८२/०१/०२

(बुद्ध प्रकाश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः नियमावलीको अनुसुची-१६ को ढाँचा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।*